**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २४ गते बुधबार ❑ 9 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरा–दुबई उडानलाई दिगो बनाउने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं

पोखरेली पर्यटन व्यवसायीले आगामी असोज ७ (सेप्टेम्बर २३) देखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो रूपमा सञ्चालन गर्नका लागि बजारीकरण तथा प्रवर्द्धनमा सहयोग र सहकार्यको प्रतिबद्धता जनाएका छन् ।

पोखरा-दुबई नियमित उडानबारे नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीद्वारा पोखरामा आयोजित अन्तरक्रियामा पर्यटकीय राजधानी पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने गरी हुन लागेको यस उडानलाई प्रभावकारी र दिगो बनाउनुपर्नेमा जोड दिइएको हो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले फ्लाई दुबईको पोखरा उडानले यहाँको पर्यटन क्षेत्रले मात्र लाभ लिने नभई सिङ्गो गण्डकी प्रदेश र मुलुककै आर्थिक गतिविधिमा टेवा पुग्ने बताउनुभयो । लामो प्रतिक्षापछि पोखराअन्तरराष्ट्रियविमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन लागेकाले यसको सफलतामा पोखरेलीको भविष्य जोडिएको उहाँको भनाइ छ। अध्यक्ष भुजेलले पोखरा-दुबई हवाई उडानलाई सफल र दिगो बनाउन पोखरेली पर्यटन व्यवसायी एक्यबद्ध रूपमा लागिपर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरा-दुबई उडानले सफल बनाउनु सम्बद्ध सबै पक्षको दायित्व भएको उल्लेख गर्नुभयो । "पोखरालाई विश्वास गरेर फ्लाई दुबई यहाँ आएको छ, हामी सबैले आ-आफ्नो ठाउँबाट साथ दिनुपर्छ", उहाँले भन्नुभयो ।

पहिलोपटक हुनलागेको यस उडानको दिगोपनाका लागि आउन सक्ने चुनौतीलाई सामाना गर्दै अवसरमा बदल्नुपर्ने उहाँले बताउनुभयो । पर्यटकीय राजधानी पोखरालाई अन्तरराष्ट्रिय जगतमा पहिचान दिन फ्लाई दुबईको उडानले मद्दत पुग्ने उहाँको भनाइ छ । फ्लाई दुबईका नेपालस्थित महाप्रबन्धक नवराज शाहीले काठमाडौँभन्दा पोखराबाट हुने उडानमा टिकटको मूल्य पाँच हजारसम्म सस्तो रहेको बताउनुभयो ।

उहाँले विश्वका १२० भन्दाबढी गन्तव्यमा फ्लाई दुबईले सिधा उडान गर्दै आएको जनाउँदै टिकट बुकिङमा सहयोग गर्न 'नाट्टा'सँग आबद्ध व्यवसायीलाई आग्रह गर्नुभयो । महाप्रबन्धक शाहीले पोखरा-दुबई उडान प्रवर्द्धनका क्रममा यात्रु तथा साझेदार संस्थालाई छुटलगायतका सुविधा दिइने बताउनुभयो ।

कार्यक्रममा फ्लाई दुबईका दक्षिण पूर्वीएसियाका क्षेत्रीय प्रबन्धक विनोद अब्राहमले फ्लाई दुबईका सेवा र विशेषताबारे प्रस्तुतिकरण राख्नुभएको थियो । उहाँले पोखरा-दुबई उडान सफल भएमा अन्य अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनी पनि पोखरामा आकर्षित हुने बताउनुभयो । क्षेत्रीय प्रबन्धक अब्राहमले उडान सेवालाई दिगो र प्रभावकारी बनाउन सबै पक्षको साथ, सहयोग र एक्वबद्धता चाहिने उल्लेख गर्नुभयो । 'नाट्टा' गण्डकीका अध्यक्ष सङ्गीता पौडेलले पोखरा-दुबई उडान सफल हुँदा पर्यटन व्यवसायी मात्र नभई मुलुकको अन्य क्षेत्रले पनि प्रत्यक्ष लाभ लिने बताउनुभयो । उहाँले पोखरेली पर्यटन व्यवसायी यस उडानको सफलता, निरन्तरताका लागि आवश्यक सहयोग र सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभयो। केही दिनअघि पोखरा महानगरपालिका र फ्लाई दुबइबीच पनि पर्यटन प्रवर्द्धन, गन्तव्यस्थलको बजारीकरण, अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारलगायत पारस्परिक हितका क्षेत्रमा सहकार्यलाई निरन्तरता दिने विषयमा समझदारी भएको थियो ।

यस उडानले पोखराको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारसँगै पर्यटन, व्यापार तथा आर्थिक गतिविधिमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ । पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन पोखराका विभिन्न सङ्घसंस्थाले चासो र अग्रसरता देखाएका छन्। उडान सेवालाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्वपूर्ण हुने देखिएको छ। यो उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दाबढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले गत जेठमा फ्लाई दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो।

यसबीचमा फ्लाई दुबईले उडान तालिम सार्वजनिक गरिसकेको छ । सुरुमा एक महिनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाई दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको थियो। विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्नेछ।

वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पनि यो उडान सेवा लाभदायी हुने देखिएको छ। पोखरा-दुबई उडानबाट पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटक सिधै पोखरा आउन सक्नेछन् ।

## अन्नपूर्णको किम्रोङखोला थुनियो, मोदी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ मा किम्रोङमा एक्कासी पानी बहाव रोकिएपछि गाउँपालिकाले सतर्कताका लागि अपिल गरेको छ ।

मंगलबार साँझ ६:३० बजेदेखि खोला थुनिएन पानीको बहाव अवरुद्ध भएको सूचना स्थानीयबाट प्राप्त भएपछि आफूहरू वीरेठाँटी जाँदै गरेको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो । पहिरो वा अन्य के कारणले कुन स्थानमा खोला थुनिएको भन्ने एकिन हुन नसकेको उहाँले बताउनुभयो ।

"दुई घण्टादेखि खोला थुनिएर पानीको बहाव अवरुद्ध भएको खबर आएकाले म वीरेठाँटी हिँडेको छ। किम्रोङखोला एवं मोदीखोला तटीय क्षेत्रमा बसोबास गर्नुहुने दाजुभाइ दिदिबहिनीहरूलाई विशेष सतर्कता अपाउन आग्रह गरेका छौँ", अध्यक्ष केसीले भन्नुभयो । किम्रोङखोला मोदी नदीमा आएर मिसिने भएकाले कास्की र पर्वतको नदी तटीय क्षेत्रहरू वीरेठाँटी, नयाँपुल लगायतका क्षेत्रमा उच्च सतर्ककताका लागि गाउँपालिकाले अपिल गरेको छ।

किम्रुङ खोलामा गत असार २८ गते पनि एक्कासी बाढी आएको थियो । सो बाढीले पुल बगाएको थियो भने होटलमा क्षति पुगेको थियो ।

## मुख्यमन्त्री पाण्डेद्वारा ढोरवाराही मन्दिरको संरक्षण र प्रवर्द्धनमा जोड

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्लागण्डकी नगरपालिका-९ स्थित प्रसिद्ध धार्मिकस्थल ढोरवाराही मन्दिरको आज दर्शन तथा अवलोकन गर्नुभएको छ ।

उहाँले मन्दिरको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्वबारे अध्ययन गर्नुका साथै यसको संरक्षण, प्रवर्द्धन, समग्र विकास र व्यवस्थित व्यवस्थापनका विषयमा छलफल गर्नुभएको छ ।

गण्डकी प्रदेशकै महत्वपूर्ण धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको ढोरवाराही मन्दिरमा पुगेर मुख्यमन्त्री पाण्डेले मन्दिर परिसर, धार्मिक संरचना तथा आसपासको क्षेत्रको अवलोकन गर्नुभएको थियो । सोक्रममा उहाँले ढोरवाराही क्षेत्रलाई धार्मिक पर्यटनसँग जोड्दै थप व्यवस्थित र आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने चर्चा गर्नुभयो ।

अवलोकनका क्रममा धार्मिक सम्पदाको मौलिकता जोगाउँदै आवश्यक पूर्वाधार निर्माण, मन्दिर क्षेत्रको संरक्षण तथा पर्यटकमैत्री व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । ढोरवाराहीको ऐतिहासिक तथा धार्मिक पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्न प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरिने उहाँको भनाइ छ । शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले ढोरवाराही मन्दिर शुक्लागण्डकी नगरपालिकाको मात्र नभई समग्र गण्डकी प्रदेशकै महत्त्वपूर्ण धार्मिक सम्पदा रहेको बताउनुभयो । उहाँले मन्दिरको संरक्षणसँगै योजनाबद्ध विकास र प्रचारप्रसार गर्न सके यस क्षेत्रलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सकिने धारणा राख्नुभयो ।

नगरप्रमुख पण्डितले ढोरवाराहीको धार्मिक तथा ऐतिहासिक महत्त्वलाई थप उजागर गर्दै यहाँ आउने भक्तजन तथा पर्यटकका लागि आवश्यक पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले मन्दिर क्षेत्रको दीर्घकालीन विकासका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी गुरुयोजनाका आधारमा विकासका कार्यक्रम अघि बढाउनुपर्ने बताउनुभयो ।

## सडक विस्तारसँगै बढेको सवारी चाप

**पोखरापत्र संवाददाता**
दमौली, २३ भदौं

पृथ्वीराजमार्गले देशका ठूला सहर जोड्ने भएकाले तनहुँ हुँदै दैनिक हजारौँ सवारीसाधन ओहोरदोहोर गर्छन् । पछिल्ला तीन आर्थिक वर्षको तथ्याङ्क हेर्दा जिल्लामा सडक दुर्घटनाको ग्राफ लगातार उकालो लागेको छ। दुर्घटनाको सङ्ख्या मात्र होइन, त्यसले निम्त्याएको मानवीय क्षति पनि उत्तिकै गम्भीर छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक प्रदीप थापाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ७८ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ५७ जनाले ज्यान गुमाएका छन् भने ६५ जना गम्भीर र ४७ जना सामान्य घाइते भएका छन् । त्यसअघिको आर्थिक वर्ष २०८१/८२ मा ६२ दुर्घटनामा ६२ जनाको मृत्यु भएको थियो । ७६ जना गम्भीर र ४३ जना सामान्य घाइते भएका थिए । आर्थिक वर्ष २०८०/८१ मा ३९ दुर्घटनामा २२ जनाको मृत्यु, ५० जना गम्भीर र ५१ जना सामान्य घाइते भएका थिए।

तथ्याङ्कले देखाउँछ कि दुई वर्षको अवधिमा दुर्घटनाको सङ्ख्या ३९ बाट बढेर ७८ पुगेको छ । अर्थात् दुर्घटना शतप्रतिशतले बढेको छ । यद्यपि गत आर्थिक वर्षमा दुर्घटनाको सङ्ख्या बढे पनि मृत्यु हुनेको सङ्ख्या अघिल्लो वर्षको तुलनामा केही घटेको छ । तीन आर्थिक वर्षमा जिल्लाभर एक सय ७९ वटा दुर्घटना भएका छन् । ती दुर्घटनामा एक सय ४१ जनाको मृत्यु, एक सय ९१ जना गम्भीर र एक सय ४१ जना सामान्य घाइते भएका छन् ।

**किन बढ्दै छन् दुर्घटना ?**

प्रहरीका अनुसार अधिकांश दुर्घटना पृथ्वीराजमार्ग र जिल्लाका भित्री सडकखण्डमा भएका हुन् । मुग्लिन पोखरा सडकखण्डअन्तर्गत पृथ्वीराजमार्गको तनहुँ खण्ड चार लेनमा विस्तार भएको छ।

सडक राम्रो बनेसँगै तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना बढेको प्रहरीको निष्कर्ष छ । यससँगै चालकको लापर्वाही पनि दुर्घटनाको अर्को प्रमुख कारण बनेको छ। तीव्र गति, जोखिमपूर्ण ओभरटेक, थकित अवस्थामा लामो दूरीको सवारी सञ्चालन, ट्राफिक नियमको बेवास्ता र मादक पदार्थ सेवन गरेर सवारी चलाउने प्रवृत्तिले दुर्घटना बढाएको प्रहरीको विश्लेषण छ। भित्री सडकखण्डमा भने साँघुरा सडक, अपर्याप्त सुरक्षा संरचना, सडक छेउमा रेलिङको अभाव तथा रातिको समयमा कमजोर दृश्यताले दुर्घटनाको जोखिम बढाउने गरेको देखिन्छ।

गत आर्थिक वर्षको तथ्याङ्कले दुर्घटनाबाट सबैभन्दा बढी पुरुष प्रभावित भएको देखाउँछ । मृत्यु हुने ५७ जनामध्ये ४२ जना पुरुष छन् । गम्भीर घाइते र सामान्य घाइतेमा पनि पुरुषको सङ्ख्या महिलाभन्दा बढी छ।

**सडक विस्तारसँगै बढेको सवारी चाप**

तनहुँ हुँदै गुड्ने सवारीसाधनको सङ्ख्या बर्सेनि बढिरहेको छ। निजी सवारीसाधन, मालवाहक ट्रक, यात्रुवाहक बस तथा मोटरसाइकलको चाप बढ्दै जाँदा दुर्घटनाको जोखिम पनि बढेको देखिन्छ। सडक पूर्वाधारको सुधारसँगै चालकको जिम्मेवारी, ट्राफिक अनुशासन र सडक सुरक्षाको चेतना समान रूपमा विकास हुन नसक्दा दुर्घटना न्यूनीकरणमा अपेक्षित सफलता मिल्न सकेको छैन। प्रहरी निरीक्षक थापाका अनुसार ट्राफिक प्रहरीले नियमित सवारी जाँच, गति नियन्त्रण, मादक पदार्थ सेवन परीक्षण, चालक सचेतना अभियान तथा विद्यालयस्तरमा ट्राफिक शिक्षा सञ्चालन गर्दै आएको छ। तर दुर्घटना न्यूनीकरणका लागि प्रहरीको प्रयास मात्र पर्याप्त नहुने उहाँको भनाइ छ । सडक निर्माण गर्ने निकाय, स्थानीय तह, सार्वजनिक यातायात व्यवसायी, चालक, यात्रु र सर्वसाधारण सबैले सडक सुरक्षालाई साझा जिम्मेवारीका रूपमा लिनुपर्ने आवश्यकता देखिएको उहाँले बताउनुभयो ।

**हार्दिक बधाई**

पोखरा उद्योग वाणिज्य संघको ३६औं महाधिवेशन एवं ७२ औं वार्षिक अधिवेशनबाट श्री शोभा गौतमज्युको नेतृत्वमा निर्वाचित सम्पूर्ण पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।




प्रोपाईटर: राजेन्द्र प्रसाद गुप्ता
**मोहित इन्टरप्राईजेज**
पोखरा-९, नयाँबजार (पुरानो दमकल मार्ग)

# दोस्रो दौतरी कप फुटसल प्रतियोगिताको उपाधि सेन्ट फ्रान्सिसलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं



दौतरी समूह रामबजारको आयोजनामा सञ्चालित दोस्रो दौतरी कप विद्यालय स्तरिय फुटसल प्रतियोगिता २०८३ को उपाधि सेन्ट फ्रान्सिस स्कुलले जितेको छ।

उपाधी संगै सेन्ट फ्रान्सिसले नगद ५५ हजार ५ सय ५५, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै उपबिजेता बालोदय सेकेण्डरी स्कुलले नगद ३३ हजार ३ सय ३३, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्यो ।

प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने कालिका माविले फेयर प्लेको उपाधि संगै नगद ११ हजार १ सय ११, प्रमाणपत्र र शिल्ड प्राप्त गर्यो । प्रतियोगितामा सेन्ट फ्रान्सिसका दीपक तामाङ्ले हाइ स्कोररको उपाधि हात पारे, सेन्ट फ्रान्सिसकै प्रकाश पुन मगरले वेष्ट गोल किपरको उपाधी हात पारे । बालोदयका विकलेस बल थापाले वेष्ट प्लेयरको उपाधि हात पारे । प्रतियोगिताको अवसरमा नेपाली फुटबल तथा खेलकुद क्षेत्रमा पुऱ्याउनु भएको अमूल्य योगदानको उच्च कदर गर्दै आयोजक दौतरी समूह रामबजारले दुई जना वरिष्ठ फुटबल कोचलाई विशेष सम्मान अर्पण गरेको छ । दौतरी समुहले वरिष्ठ फुटवल कोच खेम बहादुर गुरुङ र वरिष्ठ फुटवल कोच शम्भू केसीलाई सम्मान गरेको हो । प्रतियोगिताका बिजेताहरुलाई पोखरा महानगरपालिका वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ, दौतरी समुहका अध्यक्ष मनोज गुरुङ, प्रतियोगिताका मुख्य प्रायोजक तथा सल्लाहकार बिनिता थापा, सह प्रायोजक तथा रामबजार हङकङका संस्थापक रक्षा गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए । कार्यक्रमको समापन समारोहमा विजेता तथा उपविजेता खेलाडीहरूलाई पुरस्कार तथा ट्रफी वितरण गर्दै आयोजकहरूले आगामी दिनहरूमा पनि यस्ता रचनात्मक खेलकुद प्रतियोगिताहरूलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# भोटेकोशी बाढीपिडितका लागि प्रगति मा.वि.को ७ लाख बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवार तथा समुदायको राहतका लागि पोखरा १६, बाटुलेचौरस्थित प्रगति माध्यमिक विद्यालयले आर्थिक सहयोग गरेको छ।

विद्यालय परिवार, शिक्षक, कर्मचारी र विद्यार्थीबाट संकलित ७ लाख १ सय ३१ रुपैयाँ प्याब्सन कास्की मार्फत प्रधानमन्त्री दैवी प्रकोप तथा उद्धार राहत कोषमा जम्मा भएको विद्यालयले जनाएको छ।

विद्यालयका अनुसार बाढी प्रभावितका लागि विद्यार्थीबाट १ लाख ९१ हजार १६६, शिक्षक कर्मचारीबाट २ लाख ७३ हजार ९६५, विद्यालयको च्यारिटी फण्डबाट ७५ हजार र विद्यालय संचालकबाट १ लाख ६० हजार गरी ७ लाख १३१ रुपैयाँ संकलन भएको सुचना अधिकारी जयराम पौडेलले जानकारी दिए । विपदमा परेकालाई सहयोग गर्नु संस्थाको मानवीय कर्तव्य भएको विद्यालयले जनाएको छ।

विद्यालयले आर्थिक सहयोग मात्र नभई बाढीमा परेर ज्यान गुमाएका नागरिकको सम्मान स्वरुप सोमबार श्रद्धाञ्जलीसहित दीप प्रज्वलन गरेको छ । विद्यालय परिसरमा आयोजित कार्यक्रममा सहभागी संचालक, शिक्षक कर्मचारी र विद्यार्थीहरुले दीप प्रज्वलनसहित दिवंगत आत्माको चीर शान्तीको कामना समेत गरेका थिए।

# सृजना स्कुलद्वारा बाढीपीडितका लागि ५ लाख ५४ हजार रुपैयाँ राहत सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं

रसुवाको भोटेकोशी-त्रिशूली नदीमा आएको महाविनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा विपद् व्यवस्थापनका लागि पोखरा महानगरपालिका-८, सृजनाचोकस्थित सृजना सेकेण्डरी स्कुलले ५ लाख ५४ हजार रुपैयाँ राहत सहयोग गरेको छ।

गत भदौ १० गते आएको विनाशकारी बाढीबाट पीडित नागरिकको राहत, उद्धार तथा विपद् व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले विद्यालय परिवारले उक्त रकम सङ्कलन गरेको हो । विद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालय प्रशासनको संयुक्त योगदानबाट रकम सङ्कलन गरिएको विद्यालयले जनाएको छ। सङ्कलित रकममध्ये विद्यार्थीबाट १ लाख ८७ हजार ९८२ रुपैयाँ, शिक्षक तथा कर्मचारीबाट १ लाख ५५ हजार ४९३ रुपैयाँ र विद्यालय प्रशासनबाट २ लाख १० हजार ५२५ रुपैयाँ सहयोग गरिएको हो । सङ्कलित रकममध्ये ३ लाख २० हजार रुपैयाँ हिसान कास्कीमार्फत र २ लाख २० हजार रुपैयाँ प्याब्सन कास्कीमार्फत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिनेछ। त्यसैगरी १४ हजार रुपैयाँ नेपाल रेडक्रस सोसाइटी, कास्की शाखा मार्फत बाढी प्रभावित क्षेत्रमा पिडितलाई सहयोग पुऱ्याइने छ।

यसैबीच, विनाशकारी बाढीको १३ औं दिन अर्थात् भदौ २२ गते विद्यालयले बाढीमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गरेको छ । विद्यालय प्राङ्गणमा विद्यार्थी तथा विद्यालय परिवारलाई भेला गरी मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको थियो । सोही भेलामा मृतकहरूको सम्मानमा एक मिनेट मौनधारणसमेत गरिएको थियो। विद्यालयले बाढीमा बेपत्ता नागरिकको खोजी तथा सकुशल उद्धारको कामना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ।

सृजना सेकेण्डरी स्कुलका प्राचार्य डोलराज पाण्डेले विद्यालय केवल पठनपाठनमा मात्र सीमित नरही विपद्को संवेदनशील घडीमा मानवीय भावनाका साथ सामाजिक उत्तरदायित्व निर्वाहमा समेत अग्रसर हुनुपर्ने बताउनुभयो। उहाँले विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी र विद्यालय प्रशासनको संयुक्त प्रयासबाट उल्लेख्य रकम सङ्कलन हुनुले विपद्को समयमा मानवीय एकता, सहयोग र भाइचाराको भावना बलियो रहेको सन्देश दिएको बताउनुभयो। सहयोग अभियानमा योगदान गर्ने सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक तथा कर्मचारीप्रति प्राचार्य पाण्डेले कृतज्ञता व्यक्त गर्नुभयो। विद्यालय परिवारको यस पहलले सानो-सानो सहयोगलाई एकत्रित गर्दा ठूलो राहत कोष निर्माण गर्न सकिन्छ भन्ने सन्देशसमेत दिएको छ।

# विषम परिस्थितिका कारण पुम्दी-भुम्दी पर्वतीय दौड दुई साता सऱ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं

असोज १० गते आयोजना गर्ने तयारी गरिएको तेस्रो संस्करणको पुम्दी-भुम्दी खुला पर्वतीय दौड प्रतियोगिता देशमा उत्पन्न विषम परिस्थितिका कारण दुई साता पछि सरेको छ । प्रतियोगिता आगामी असोज २४ गते शनिबार हुने भएको आयोजकले जनाएको छ।

भोटेकोशीमा आएको बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति हुनुका साथै पोखरा-काठमाडौं सडकखण्डअन्तर्गत कृष्णभीरमा सडक भासिएर पृथ्वीराजमार्ग प्रभावित भएपछि निर्धारित समयमा प्रतियोगिता सञ्चालन गर्न कठिन हुने अवस्था देखिएपछि मिति सारिएको आयोजक पोखरा क्लिक र पोखरा प्रवर्द्धन केन्द्रले जनाएका छन्। प्रतियोगिताको मूल आयोजक समितिको आज साँझ बसेको बैठकले नयाँ मिति तय गरेको हो । बैठकले देशको वर्तमान अवस्थालाई मध्यनजर गर्दै प्रतियोगितालाई थप व्यवस्थित, भव्य र सभ्य रूपमा सम्पन्न गर्ने गरी तयारीलाई केही समयका लागि स्थगित गरी भदौ २४ गतेदेखि पुनः सक्रिय रूपमा तयारी अघि बढाउने निर्णय गरेको प्रतियोगिता संयोजक दीननाथ बरालले जानकारी दिनुभयो।

बैठकले भोटेकोशी बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । विपद्मा परेकाहरूको उद्धार तथा राहतका लागि राज्यले अघि सारेको अभियानमा सबै पक्षको साथ र सहयोग आवश्यक रहेको आयोजकले जनाएको छ । प्रतियोगिताका लागि खेलाडी दर्ता भने असोजको पहिलो साताबाट खुला गर्ने तयारी गरिएको छ। खेलाडीहरूले पोखरा क्लिकको अनलाइन पोर्टलमार्फत दर्ता गर्न सक्ने केन्द्रका सचिव सागर सुनारले जानकारी दिनुभयो।

हरेक वर्ष विश्व पर्यटन दिवसको अघिल्लो शनिबार आयोजना हुँदै आएको प्रतियोगिता यसपटक भने नेपालीहरूको महान् पर्व विजया दशमीको अवसर तथा घटस्थापनाको अघिल्लो शनिबार पार्ने गरी असोज २४ गते आयोजना गर्न लागिएको पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले बताउनुभयो । यस वर्ष विश्व पर्यटन दिवस असोज ११ गते आइतबार परेको छ। विश्व पर्यटन दिवसका अवसरमा पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाले आयोजना गर्ने कार्यक्रमलाई केन्द्रले सहयोग गर्ने जनाएको छ। पुम्दी-भुम्दी क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै खेल पर्यटनलाई जोड्ने उद्देश्यले आयोजना हुँदै आएको प्रतियोगितामा देश तथा विदेशका धावकलाई सहभागी गराउने तयारी छ । गत वर्षको प्रतियोगितामा सात देशका १६७ जना धावक सहभागी भएका थिए। यस वर्षको प्रतियोगितालाई विगतभन्दा अझ व्यवस्थित बनाउँदै पुम्दी-भुम्दी क्षेत्रका पर्यटकीय गन्तव्यलाई खेल तथा साहसिक पर्यटनसँग जोड्ने आयोजकको तयारी छ । प्रतियोगिताले पुम्दी-भुम्दीको प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, पदमार्ग तथा नयाँ पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा चिनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# पोखरा पर्यटन परिषदको पदाधिकारी चयनसँगै पदस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं




पोखरा पर्यटन परिषद्को नयाँ कार्यसमितिले पूर्णता पाउँदै पदाधिकारी चयनसँगै पदस्थापना गरेको छ।

परिषद्को २६औं वार्षिक साधारण सभा तथा १४औं अधिवेशनबाट निर्वाचित अध्यक्ष हरि भुजेलले विधानअनुसार पदाधिकारी मनोनीत गरेसँगै आज (मंगलबार) नवनिर्वाचित कार्यसमितिको पदस्थापना गरिएको हो । परिषद्को प्रथम उपाध्यक्षमा हरिराम अधिकारी र द्वितीय उपाध्यक्षमा नारायणप्रसाद सुवेदी मनोनीत भएका छन् । अधिकारी ग्लोबल भ्याकेसन ट्राभल्स एन्ड टुर्सका सञ्चालक तथा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका पूर्वअध्यक्ष हुन्। सुवेदी ट्रेकिङ इक्युपमेन्ट सप एसोसिएसन (टेसा) का पूर्वअध्यक्ष हुन् । यसैगरी नेपाल एसोसिएसन अफ राफ्टिङ एजेन्सिज (नारा) का मिलन तिवारी महासचिव, नेपाल टुरिस्ट भेहिकल एसोसिएसन (एनटिभिए) का बाबुराम पाण्डे सचिव र गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) की शोभा अधिकारी सापकोटा सहकोषाध्यक्षमा मनोनीत भएकी हुन् । परिषद्को कोषाध्यक्ष पद भने हाल रिक्त रहेको छ। कार्यसमितिमा जीवनराज सापकोटा र सुनिलबहादुर भट्टराई सदस्य छन्। बाँकी दुई सदस्य पनि मनोनीत गर्न बाँकी रहेको परिषद्ले जनाएको छ। परिषद्का निवर्तमान अध्यक्ष तारानाथ पहारी रहेका छन् । हालै सम्पन्न परिषद्को अधिवेशनले हरि भुजेलको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको थियो। अधिवेशनबाट चार जना सदस्यसमेत सर्वसम्मत चयन भएका थिए। परिषद्को विधानअनुसार निर्वाचित तथा मनोनीत सदस्यमध्येबाट अध्यक्षले आवश्यक पदाधिकारी मनोनीत गर्ने व्यवस्था छ । मंगलबार आयोजित पदस्थापना कार्यक्रममा नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई अध्यक्ष भुजेलले पद तथा गोपनीयताको शपथ गराएका थिए। सो अवसरमा निवर्तमान अध्यक्ष पहारीले परिषद्को कार्यसमितिको माइन्यूट नवनिर्वाचित अध्यक्ष भुजेललाई हस्तान्तरण गरे । पदस्थापन पछि बोल्दै अध्यक्ष भुजेलले आफ्नो नेतृत्वलाई विश्वास गरी जिम्मेवारी दिएकोमा परिषद्सँग आबद्ध पर्यटन व्यवसायी तथा अधिवेशनमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे। उनले पोखराको पर्यटनलाई थप गतिशील बनाउन निजी क्षेत्रबीच सहकार्यसँगै सरकारसँगको समन्वयलाई प्राथमिकतामा राखिने बताए। नेपालमा पछिल्लो समय बाढीपहिरोका कारण पर्यटनका विषयमा नकारात्मक सन्देश प्रवाह भएको उल्लेख गर्दै भुजेलले वास्तविक अवस्था अन्तर्राष्ट्रिय पर्यटन बजारसम्म पुऱ्याउनुपर्ने बताए। नेपालका सुरक्षित तथा सञ्चालनमा रहेका पर्यटकीय गन्तव्यबारे स्पष्ट र सही सूचना प्रवाह गरी पर्यटकलाई नेपाल भ्रमणका लागि विश्वस्त बनाउनेतर्फ परिषद्ले पहल गर्ने उनको भनाइ थियो। पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन हबका रूपमा विकास गर्न हवाई सम्पर्क विस्तारलाई प्राथमिकतामा राख्ने योजना पनि उनले सुनाए। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान विस्तार गर्दै फ्लाई दुबईको उडानलाई सफल बनाउनेतर्फ निजी क्षेत्रबाट आवश्यक पहल र सहकार्य गरिने उनले बताए। परिषद्ले पोखराको पर्यटनलाई परम्परागत घुमफिरमा मात्र सीमित नराखी वेलनेस र सांगीतिक पर्यटनका नयाँ गतिविधिसँग जोड्ने योजना पनि अघि सारेको छ। अन्तर्राष्ट्रियस्तरका सांगीतिक कार्यक्रम पोखरामा आयोजना गर्दै पर्यटन बजारमा पोखराको छुट्टै पहिचान स्थापित गर्ने लक्ष्य रहेको अध्यक्ष भुजेलले बताए। पोखराका पर्यटनसम्बद्ध विभिन्न १४ वटा संस्थाका अध्यक्ष परिषद्मा पदेन सदस्य रहने व्यवस्था छ।

नयाँ कार्यसमितिले पर्यटन व्यवसायीका साझा समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायसँग पहल गर्ने तथा पोखरालाई सुरक्षित, व्यवस्थित र विविध पर्यटकीय गतिविधिको गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ।


## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपूर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ। तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

सत्यमेव जयते

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2026-2027**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/maintenance works of EoI, PPO Pokhara :-
   1.1. Installation of Lighting on the Pathways and Roads in the EoI, PPO Pokhara.
   1.2. White wash, Enamel and Weather Coat Painting at Type-I Staff Quarter (14 Nos quarters), Type-IV Staff Quarter (03 Nos quarters) and Type-V (MO Residence) of EoI, PPO Pokhara.
   1.3. Repair/ renovation of two toilets of Main Office, Pantry and Record Section Room of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (EMD, Technical Bid and Financial Bid) separately in each work is on or before 05 Oct 2026 up to 1500 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240/ 061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# जेनजी आन्दोलनले सत्ता परिवर्तन गर्‍यो प्रवृत्ति बदल्न सकेन

नेपालको इतिहासमा व्यापक विध्वंस भएको जेन-जी आन्दोलनको एक वर्ष पूरा भएको छ । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासन आन्दोलनको प्रमुख माग थिए । केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धको विरोध आन्दोलनमार्फत् विस्फोट भयो । नातावाद,अनियमितता र विदेश पलायन हुनुपर्ने अवस्थाले गर्दा युवामा आक्रोश देखिएको थियो । असन्तुष्टि र निराशामा रहेका नेपाली युवाले सामाजिक सञ्जालमाथिको प्रतिबन्धलाई सहन सकेनन् र त्यसका विरुद्धमा सडकमा उत्रिए । जेन-जी विद्रोह नाम दिइएको आन्दोलनको सुरुमा कुनै राजनीतिक माग थिएन । भदौ २३ गते मध्याह्नपछि एकाएक आन्दोलनले अर्कै रूप लियो । संसद् भवनमा आगजनीको प्रयत्नसँगै सुरक्षाकर्मीले चलाएको गोलीबाट ठूलोसंख्यामा हताहत भयो ।

जेन-जी आन्दोलनमा घुसपैठ भएपछि आन्दोलन उग्र र हिंसात्मक बनाइयो । निहत्था युवालाई उक्साएर संसदमा आगजनी गर्दा सुरक्षाकर्मीले चलाएको गोली लागेर काठमाडौंमा १७ सहित १९ जना निहत्था युवाको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए । भदौ २४ गते भने बिहानैदेखि आक्रोशित भिडले देशभर सरकारी, सामाजिकमात्र होइन निजी निवास र व्यावसायिक प्रतिष्ठानमा आक्रमण गरेर तोडफोड, लुटपाट र आगजनी गर्‍यो । देशैभरजस्तो कारागारहरू फुटाएर कैदीबन्दी भगाइयो । यसक्रममा आन्दोलनकारी, कैदी, सुरक्षाकर्मी गरेर थप ५७ जनाको ज्यान गयो । यो आन्दोलनमा घुसपैठ भएको आन्दोलनपछि बनेको सरकारका गृहमन्त्रीले स्वीकारेका छन । आन्दोलनमा भएको दमन र विध्वंसको छानबिन गर्न बनेको गौरी बहादुर कार्की आयोग र राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन सरकारले सार्वजनिक नगर्नु र विध्वंसमा संलग्नहरुलाई उन्मुक्ति दिने कामले आन्दोलन हाइज्याक गर्नेलाई जोगाउनका लागि हो भन्ने शंका गर्ने ठाउँ दिएको छ। त्यो युवा आक्रोशले खोजेको कस्तो परिवर्तन थियो ? कति पूरा भयो ? यस्तै अरू प्रश्न पनि जिवितै छ । के त्यो आक्रोश सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवाका लागिमात्रै थियो ? नेकपा (माओवादी)ले १० वर्षसम्म गाउँ गाउँबाट उठाएर गरेको सशस्त्र संघर्षमा पनि गर्न नसकेको सिंहदरबार कब्जा चार घन्टामै गरेर आगजनी गरी खरानी बनाउने तागत नेपाली युवामा थियो ? अरू त अरू सर्वोच्च अदालतमा आगजनी के उद्देश्यले गरिएको थियो ? राष्ट्रिय तथा बहुराष्ट्रिय लगानी भएका कम्पनीमा आगजनी के उद्देश्य प्राप्तिका लागि थियो ? आन्दोलनले जननिर्वाचित प्रतिनिधि सभा भङ्ग गराएर अन्तरिम सरकार बनायो ।

निर्वाचनको मूल कार्यादेश दिइएको अन्तरिम सरकारले न्यायिक आयोग गठन गर्नुका साथै निर्वाचन गरायो । यही अवधिमा सहकारी ठगीको मुद्दामा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जेलबाट बाहिर निकाल्यो । काठमाडौं महानगरका प्रमुख वालेन्द्र शाहलाई लगेर रास्वपामा मिलायो । प्रतिनिधि सभाको निर्वाचन भयो र रास्वपाले निर्वाचनमा संसद्को करिब दुई तिहाइ स्थानमा जित्यो । शाह प्रधानमन्त्री बने । त्यसपछि सुशासन कति कायम भयो ? रोजगारीका लागि विदेसिएका युवा कति रोकिए ? कति युवा फर्किए ? सडकमा उठेका आवाज संस्थागत सुधारमा कति बदलिए ? एकातिर यस्ता प्रश्नको चित्तबुझ्दो जवाफ नेपाली युवाले पाउन सकेका छैनन् भने अर्कोतिर आन्दोलन छानबिनका लागि बनेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सरकारले किन औपचारिक रुपमा सार्वजनिक गर्न नसकेको हो भन्ने प्रश्न पनि छ । कार्कीलाई भदौ २४ को घटनाको छानबिन गर्ने जिम्मेवारी किन नदिइएको ? राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन किन रोकिएको लगायतका प्रश्न अझै अनुत्तरित नै छन् । नागरिकले राज्यबाट पारदर्शिता, सुशासन, न्याय र अवसर खोजेका हुन्छन् । पुराना राजनीतिक दलको हालिमुहाली सकिएको एक वर्षपछि फेरि त्यही प्रश्न गर्दा नागरिकले राज्यबाट प्राप्त गर्नुपर्ने आधारभूत अवसर कति प्राप्त गरे त ?

जेन-जी आन्दोलनले पुरानो पद्धतिमा धावा त बोल्यो तर जनताले भने त्यसमा परिवर्तनको अनुभव गर्न पाएका छैनन् । सुशासन र पारदर्शिताका नारामा चुनाव जितेको सरकारले लोकतान्त्रिक संस्थाहरुलाई बलियो बनाउन खोजेकोसम्म पनि देखिएन । राज्यका संस्थाहरू कमजोर हुँदै गएका छन् भने निजीक्षेत्रको विश्वास र मनोबल खस्केको छ । यसले सरकारमात्रै होइन अन्ततः राज्य नै कमजोर हुनेछ । निजी सम्पत्तिमा आगजनी, लुटपाट गर्ने, सिंहदरबार, सर्वोच्च अदालत जलाउनेलाई समेत कारबाही नहुने हो भने फेरि पनि अर्को भदौ २४ जस्तो वितण्डा हुँदैन भनेर विश्वस्त हुने आधार हुँदैन । लगानीकर्ताले सरकारमाथि प्रश्न गर्नेछन् - सुरक्षाको प्रत्याभूति नहुने हो भने किन लगानी गर्ने ? हुन त यस्ता ठूला परिवर्तनको उपलब्धि र औचित्यको हिसाबकिताब वर्तमानमा मात्र होइन भविष्यमा पनि भइरहन्छ । जेन-जी आन्दोलनको सफलता वा विफलता तथा यसको औचित्यको अहिले नै अन्तिम मूल्याङ्कन गर्नु हतार हुन सक्छ । तर समसामयिक प्रश्नको उत्तर खोज्ने जिम्मा इतिहासलाई दिनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाव |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोरला नाकाबाट भित्रिए १० कन्टेनर फलफूल

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २३ भदौं

उत्तरी कोरला नाकाबाट फलफूल बोकेको १० कन्टेनर भन्सारमा चेक जाँच गरी क्रमशः नेपाल भित्रिन थालेका छन् ।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीपछि रसुवा-केरुङ नाका बन्द भएपछि त्यहाँबाट पैठारी गरिने फलफूल कोरला नाकातर्फ फर्काउन थालिएको हो । केरुङ नाकाबाट फिर्ता आएका फलफूलका कन्टेनर कोरला नाकास्थित लिजीमा आइपुगेपछि नेपाली कन्टेनरले त्यहाँ पुर्याइएका फलफूल पल्टी गरी नेपाल भित्र्याउन थालेका हुन् ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार कोरला नाकाबाट पहिलो पटक फलफूल नेपाल भित्रिन थालेको जानकारी दिनुभयो । आइतबार र सोमबार गरी दुई दिनमा कोरला नाकाबाट नेपाल भित्रिएका १० कन्टेनरको पैठारी भन्सार जाँचपास भई नेपालतर्फ आइरेका छन् ।

रसुवागढी-केरुङ नाका र तातोपानी नाका पूर्णरुपमा बन्द भएपछि कोरला नाकाबाट कतिको सङ्ख्यामा केन्टेनर फर्काइएको हो, एकीन भइसकेको छैन । कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको प्लान क्वारेन्टाइन कार्यालयका प्रतिनिधि बन्दना घर्तीमगरका अनुसार चीनबाट कोरला नाका हुँदै दुई दिनमा ड्रागन फुड नौ हजार ४५० केजी, आँप १५ हजार ४०० किलोग्राम, स्याउ सतासी हजार किलोग्राम, नासपाती २६ हजार १०० किलोग्राम र एभोकाडो (घीउ फल) आठ हजार किलोग्राम फलफूलको क्वारेन्टाइन कन्साइनमेन्ट चेकजाँच गरिएको बताउनुभयो । केरुङबाट फर्काइएका फलफूलमध्ये ठूलो परिमाणमा स्याउ नेपाल भित्रिएको हो । कार्यालयमा फलफूल जन्य पदार्थको वैकल्पिक पैठारी गर्ने सुविधा छ । फलफूल परीक्षण गर्ने उपकरणको व्यवस्था भने अझै हुन सकेको छैन । साठीको दशकमा स्थापना भएको नेपाल-चीन उत्तरी कोरलास्थित प्लान क्वारेन्टाइन पहिलो पटक सञ्चालनमा आएको हो । उत्तरतर्फको केरुङ नाका र तातोपानी नाका बन्द भएपछि भन्सार विभाग र व्यवसायीको समन्वयमा त्यहाँ रोकिएका फलफूल कन्टेनर कोरलानाकातर्फ फर्काइएको हो । फिर्ता आएका फलफूल पैठारीका लागि भन्सार विभागको समन्वयमा प्लान क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले दुई जना वरिष्ठ बाली संरक्षण अधिकृतलाई लोमान्थाङस्थित क्वारेन्टाइन कार्यालयमा खटाइसकेको छ ।

केरुङ नाकाबाट फिर्ता पठाएका कन्टेनर पैठारीकर्ता, निकासीकर्ता, भन्सार एजेन्ट, तथा सरोकारवाला सबैले प्रक्रिया पुर्याउन पर्नेछ । टिमुरे, रसुवा तथा तातोपानी नाका सिन्धुपाल्चोकका लागि निर्धारित कन्साइनमेन्टलाई वैकल्पिक नाकातर्फ पठाउनु अघि ‘विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४’ को पालना गर्नुपर्ने छ ।

नियम तथा प्रचलित कानुन प्रवेश अनुमति, फाइटोस्यानिटरी शर्त तथा अन्य प्रक्रियाको पालना भए नभएको एकीन गर्न आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन गरिएको छ ।

# पोखरा ३० पावरहाउसको गुरुकुल विद्याश्रमद्वारा १ लाख २९ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं


भोटेकोशी नदीमा गत भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित परिवार तथा समुदायको राहतका लागि पोखरा-३० स्थित गुरुकुल विद्याश्रम तथा गुरुकुल कलेज अफ होटेल म्यानेजमेन्ट, म्यानेजमेन्ट एन्ड टुरिजमले आर्थिक सहयोग गरेको छ ।

विद्यालय परिवार, शिक्षक तथा विद्यार्थीहरूको संयुक्त प्रयासबाट संकलित १ लाख २९ हजार २ सय ३० रुपैयाँ राहत कोषमा जम्मा गरिएको हो प्रचार्य मिलन केसीले जानकारी दिए ।

विपद्को समयमा मानवीय संवेदना र सामाजिक उत्तरदायित्व वहन गर्दै विद्यालयले संस्थागत तथा व्यक्तिगत तर्फबाट रकम संकलन गरेको हो ।

विद्यार्थीहरूले २४ हजार ५ शिक्षक तथा कर्मचारीहरूले ४० हजार २ सय २५ रुपैयाँ सकंलन गरेका हुन् भने विद्यालयको तर्फबाट ६५ हजार रकम प्याब्सन कास्की तथा हिसान कास्की मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाइएको छ । बाढीपीडितको पीडामा मल्हम लगाउने उद्देश्यले गरिएको यो सहयोग आर्थिक दान नभई विपद् परेका नागरिकप्रतिको ऐक्यबद्धता र मानवीय भावनाको प्रतीक भएको केसीको भनाइ छ ।

## एउटै व्यक्ति भएको सूचना



**पर्वत जिल्ला सरौखोला गाउँ विकास समिति, वडा नं. ९ बस्ने भारतीय सेनाका ५/८ जी.आर. भू.पू. नं. ६२३२०२ का सुवेदार दुर्गा बहादुर थापाकी श्रीमती चन्द्र कुमारी थापाको नेपाली नागरिकता प्रमाणपत्र (प्रमाणपत्र नं. ४८१५८) मा नाम “चन्द्र कुमारी थापा” र जन्ममिति “२०१८।११।०१” (सन् १९६२।०२।१२) उल्लेख भएको र निजका पतिको भारतीय सेना पेन्सन अभिलेखमा भने पत्नीको नाम “चन्दर कुमारी मगर्नी” र जन्ममिति २००४।१०।२७ मा ४२ वर्ष भै फरक परेको भएता पनि दुवै नामथर र जन्ममिति भएकी व्यक्ति एउटै हुन् भनी सम्बन्धित गाउँ विकास समितिको सिफारिसबाट लेखिएको व्यहोरा प्रमाणित गरिएको छ ।**

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

# पोखरामा भोटेकोशी बाढीका दिवंगतप्रति प्रार्थना, १०८ शान्तिका दीप प्रज्वलन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं




गएको भदौ १० गते भोटेकोशी बाढीमा परी ज्यान गुमाएका नागरिक र फेवातालमा दुर्घटनामा परि मृत्यु हुनेहरुको चिरशान्तिको कामना गर्दै पोखरामा विशेष पूजा तथा प्रार्थना कार्यक्रम सम्पन्न गरिएको बैदाम तामाङ समाजका अध्यक्ष ज्याक तामाङले बताए ।

बैदाम तामाङ सेवा समाजको आयोजनामा भएको कार्यक्रममा प्रमुख लामा छेवाङ दोर्जे लामाको नेतृत्वमा सात जना लामागुरुले विभिन्न धार्मिक मन्त्र पाठ गर्दै १०८ वटा शान्तिका दीप प्रज्वलन गरेका थिए । दीप प्रज्वलनसँगै दुर्घटना तथा बाढीमा परी ज्यान गुमाएका सम्पूर्ण दिवंगत आत्माले चिरशान्ति प्राप्त गरून् तथा बेपत्ता नागरिकहरूको सकुशल र सुरक्षित उद्धार होस् भन्ने पवित्र कामना गरिएको थियो । कार्यक्रमको उद्धाटन पोखरा महानगरपालिका-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले शान्तिको दीप प्रज्वलन गरी उद्घाटन गरेका थिए । त्यस्तै कार्यक्रममा वडा सदस्यहरू पवित्रा थापा र दीपेन्द्र पहारी, स्थानीयवासी, विभिन्न आमा समूह तथा बैदाम तामाङ सेवा समाजका सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

सो अवसरमा शान्तिको प्रतीकका रूपमा शान्तिको झण्डासमेत फहराइएको थियो। प्राकृतिक विपद् तथा दुर्घटनामा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ताहरूको सुरक्षित उद्धारका लागि सामूहिक रूपमा प्रार्थना गरिएको हो ।

# दमौली-केशवटार-बुद्धसिंह सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, २३ भदौं

सङ्घीय सरकारले चालु आर्थिक वर्ष २०८३/८४ मा तनहुँको व्यास नगरपालिका-१४ तथा बन्दीपुर गाउँपालिका-३ र ६ अन्तर्गत पर्ने दमौली-केशवटार-सुखौरा-ढाँडखोला-खहरे-बुद्धसिंह मार्ग सडक स्तरोन्नतिका लागि रु १५ करोड बजेट विनियोजन गरेको छ । सोही अनुसार सडकको विभिन्न खण्डमा छुट्टाछुट्टै बजेट परिचालन गरी स्तरोन्नतिको काम अघि बढाउने तयारी गरिएको हो ।

विनियोजित रकममध्ये दमौली-केशवटार-सुखौरा खण्डको स्तरोन्नतिका लागि रु १३ करोड र ढाँडखोला-खहरे-बुद्धसिंह सडक खण्डका लागि रु दुई करोड खर्च गर्ने गरी योजना अघि बढाइएको छ । सडक स्तरोन्नतिका लागि आवश्यक लागत अनुमान तयार गरी बोलपत्र प्रक्रिया अघि बढाउन सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, पोखरालाई सिफारिस गर्ने निर्णय गरिएको छ ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने र बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाको उपस्थितिमा बसेको बैठकले सडक स्तरोन्नतिका लागि विनियोजित बजेटलाई प्राथमिकताका आधारमा परिचालन गर्ने निर्णय गरेको हो ।

व्यास नगरका सहायक प्रशासकीय अधिकृत भेषराज तिवारीले रु १५ करोडमध्ये दुई खण्डमा विभाजन गरी सडक स्तरोन्नति गर्ने दुवै पालिकाबीच सहमति भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार सडक स्तरोन्नतिका लागि बजेट विनियोजन भएपछि अब निर्माणको प्राविधिक तथा प्रशासनिक प्रक्रिया अघि बढाउनुपर्ने छ । सम्बन्धित निकायसँग समन्वय गरी समयमै बोलपत्र आह्वान तथा निर्माण प्रक्रिया अघि बढाउने तयारी गरिएको उहाँले बताउनुभयो ।

दमौली-केशवटार-सुखौरा-ढाँडखोला-खहरे-बुद्धसिंह मार्गले व्यास नगरपालिका र बन्दीपुर गाउँपालिकाका विभिन्न क्षेत्रलाई जोड्छ । ग्रामीण क्षेत्रका बासिन्दाको दैनिक आवागमनसँगै कृषि उत्पादनको ओसारपसार र बजार पहुँचका लागिसमेत यो सडक महत्वपूर्ण मानिने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो ।

सडकको स्तरोन्नति भएपछि ग्रामीण क्षेत्रबाट दमौली बजारसम्मको आवागमन थप सहज हुने अपेक्षा गरिएको छ । यसबाट स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन, कृषि तथा पशुपालन व्यवसाय विस्तार गर्न तथा ग्रामीण क्षेत्रको आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने व्यास-१४ का वडाध्यक्ष काजिमान श्रेष्ठले बताउनुभयो ।

सडकले बन्दीपुर क्षेत्रसँग जोडिने भएकाले पर्यटन विकासमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ । सडकको अवस्था सुधार हुँदा पर्यटकीय तथा ग्रामीण गन्तव्यमा पुग्ने यात्रुका लागि सहजता बढ्ने र स्थानीयस्तरमा पर्यटनसम्बन्धी व्यवसाय विस्तारमा सहयोग पुग्ने बन्दीपुर-३ का वडाध्यक्ष परमेश्वर भट्टराईले बताउनुभयो ।

# कृष्णभीरको अवरोधले लमजुङ-काठमाडौँ यात्रा कष्टकर

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ भदौं

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक भासिएपछि लमजुङ-काठमाडौँ यात्रा प्रभावित भएको छ ।

नियमित मार्ग अवरुद्ध हुँदा बेँसीसहरबाट काठमाडौँ जाने सवारीसाधन वैकल्पिक बाटोबाट सञ्चालन भइरहेका छन् । यसअघि करिब पाँच-छ घण्टामा पूरा हुने यात्रा अहिले १२-१३ घण्टासम्म लाग्ने गरेको छ भने यात्रुको खर्चसमेत बढेको छ ।

भदौ १४ गते कृष्णभीरमा सडक भासिएपछि बेँसीसहरबाट काठमाडौँ चल्ने माइक्रोबस तथा ठूला बस चितवन, हेटौँडा हुँदै दक्षिणकालीको वैकल्पिक मार्गबाट सञ्चालन भइरहेका छन् ।

लामो र घुमाउरो बाटोका कारण यात्रुको समय र खर्च बढ्नुका साथै सवारीसाधन तथा यात्रुको सङ्ख्या घटेको छ । बेँसीसहर-काठमाडौँ माइक्रोबसका चालक मुस्कान राईका अनुसार वैकल्पिक मार्गबाट काठमाडौँ पुग्न पहिलेभन्दा धेरै समय लाग्ने गरेको छ । “बाटो लामो भएकाले समय पनि धेरै लाग्छ”, उहाँले बताउनुभयो । बेँसीसहर माइक्रो काउन्टरका अनुसार सडक अवरुद्ध हुनुअघि दैनिक ४०-५० वटा माइक्रोबस काठमाडौँ जाने गरेकामा अहिले पाँच-सात वटामात्र सञ्चालनमा छन् । यात्रु पनि अत्यावश्यक काम परेका मात्रै जाने गरेका छन् ।

सडक अवरुद्ध हुनुअघि डिजेल माइक्रोबसको भाडा रु ९०० र विद्युतीय माइक्रोबसको रु ७०० रहेकामा अहिले क्रमशः रु दुई हजार र रु एक हजार ५०० पुगेको छ । यात्रु तथा सवारीसाधन घटेसँगै चालक तथा व्यवसायीको आम्दानीमा असर परेको छ । ठूला बसमा पनि यात्रुको सङ्ख्या घटेको छ । पृथ्वी राजमार्ग बस काउन्टरका अनुसार यसअघि बेँसीसहरबाट काठमाडौँ दैनिक पाँच-छ वटा ठूला बस छुट्ने गरेकामा अहिले एउटा बसमात्र जाने गरेको छ । वैकल्पिक मार्गअनुसार भाडा फरक पर्ने भएकाले हाल निश्चित भाडा तोकिएको छैन ।

यसअघि सवारीसाधन अनुसार रु ९०० देखि रु एक हजार २०० सम्म रहेको भाडा अहिले दुई गुणाभन्दा बढी रहेको छ ।

सडक अवरोधको असर उपचारका लागि ‘रेफर’ हुने बिरामीको यात्रामा परेको छ । लमजुङ अस्पतालका सूचना अधिकारी अनिल रेग्मीका अनुसार अस्पतालमा उपचार सम्भव नभएका बिरामीलाई काठमाडौँ, चितवन र पोखरा रेफर गर्ने गरिएको छ । काठमाडौँ लैजानुपर्ने केही बिरामीलाई एम्बुलेन्समै घुमाउरो बाटोबाट लैजानुपरेको छ भने कतिपयलाई पोखरासम्म एम्बुलेन्समा पुर्‍याएर त्यहाँबाट हेलिकप्टरमार्फत लैजानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

यसले बिरामी र आफन्तलाई झन्झटसँगै उपचार खर्चसमेत बढाएको उहाँको भनाइ छ । बेँसीसहरकी प्रकृति श्रेष्ठले वैकल्पिक मार्गबाट यात्रा गर्दा समय र खर्च दुवै बढेको बताउनुभयो । उहाँ भदौ २० गते शनिबार काठमाडौँस्थित काम सकेर बेँसीसहर फर्किनुभएको थियो । काठमाडौँ जाँदा माइक्रोमा रु ९०० तिर्नुभएकी उहाँले फर्किंदा रु दुई हजार भाडा तिर्नुपरेको बताउनुभयो । “वैकल्पिक बाटो निकै लामो र थकाइलाग्दो रहेछ । वर्षाका कारण बाटो चिप्लो हुने र ठाउँठाउँमा पहिरोको जोखिमसमेत रहेकाले डर लाग्छ”, उहाँले बताउनुभयो । नियमित मार्ग सञ्चालनमा नआएसम्म लामो यात्रा, बढेको भाडा र वैकल्पिक मार्गको जोखिमका कारण यात्रुले थप सास्ती खेप्नुपर्ने अवस्था छ ।

# सुखद खबरको पर्खाइमा

**जनक श्रेष्ठ**
लमजुङ, २३ भदौं/ रासस

बिहानसम्म परिवारसँग फोनमा कुराकानी भइरहेको थियो। घरपरिवारले पनि उहाँहरू काममै हुनुहुन्छ भन्ने ठानेको थियो । तर यही जेठ १० गते बिहान करिब ८:३० बजेपछि आएको एउटा खबरले बैंसीसहर नगरपालिका-११ का घर्ती परिवारलाई गहिरो पीडामा धकेल्यो, 'रसुवामा बाढी आएको छ, आयोजनामा कार्यरत राधिका र झपटबहादुरको सम्पर्क टुटेको छ।"

त्रिचालीस वर्षीया राधिका घर्ती र ४५ वर्षीय झपटबहादुर घर्ती श्रीमान्-श्रीमती हुनुहुन्छ । उहाँहरू रसुवास्थित त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा करिब १०-१२ वर्षदेखि कार्यरत हुनुहुन्थ्यो । राधिका खाना पकाउने काम गर्नुहुन्थ्यो भने झपटबहादुर सुरुङसम्बन्धी काममा खटिनुहुन्थ्यो । बाढी आएको दिन बिहानसम्म सबै सामान्य नै थियो । परिवारसँग करिब ८:३० बजेसम्म सम्पर्क भएको थियो । त्यसपछि भने फोन लागेन । झपटबहादुरको मोबाइलको 'लोकेसन' पनि बिहान करिब ८:५६ बजेसम्म देखिएको थियो । त्यसपछि लोकेसनसमेत देखिन छाड्यो । "उहाँहरू कहाँ हुनुहुन्छभन्नेनैथाहाहुनसकेन।सुरुङ वा पावरहाउस आसपास हुनसक्ने हाम्रो अनुमान छ", भतिज विशाल घर्तीले भन्नुभयो । बाढीपछि नेपाली सेनाले सुरुङमा एक पटक खोजी गरेको थियो । तर सुरुङभित्रको कठिन अवस्थाका कारण पूर्ण रूपमा खोजी गर्न नसकिएको घर्तीको परिवारले जनाएको छ। त्यसपछि परिवारका लागि हरेक दिन प्रतीक्षाको दिन बनेको छ। घर्ती परिवार कतैबाट फोन आउँछ कि, खोजीका क्रममा कुनै खबर भेटिन्छ कि भन्ने आशामा । राधिका र झपटबहादुरका दुई छोरा र एक छोरी हुनुहुन्छ । जेठो छोरा आमाबुबाको खोजीमा संलग्न हुनुहुन्छ । कान्छो छोरा जापानमा हुनुहुन्छ भने छोरीको विवाह भइसकेको छ। परिवारका सदस्यहरूका लागि भने अहिले सबैभन्दा ठूलो प्रश्न एउटै छ - उहाँहरू कहाँ हुनुहुन्छ ?

"अब त न सासको खबर छ, न लासको। जिउँदै भेटिने आस पनि लगभग मरिसकेको छ। तर पनि उहाँहरूको अवस्था थाहा पाउन र कम्तीमा शवसम्म भए पनि फेला पार्न पाए हुन्थ्यो", विशालले भन्नुभयो । आफन्तका अनुसार राधिका र झपटबहादुर लामो समयदेखि आयोजनामै काम गर्दै आउनुभएको थियो । रोजगारीकै क्रममा रसुवा पुग्नुभएका उहाँहरू वर्षौंदेखि त्यहीँ कार्यरत हुनुहुन्थ्यो । घरपरिवारबाट टाढा रहेर काम गर्दै आउनुभएका उहाँहरू एकैपटक सम्पर्कविहीन भएपछि परिवारमा बज्रपात भएको छ । रसुवामा आएको बाढीपछि राधिका र झपटबहादुरमात्र होइन, लमजुङका अन्य व्यक्तिसमेत सम्पर्कविहीन छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार रसुवाको बाढीपछि जिल्लाका १० जना सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीका अनुसार सम्पर्कविहीन व्यक्तिको खोजी तथा उनीहरूको अवस्थाबारे जानकारी लिने काम भइरहेको छ। बाढी आएको दिनदेखि नै ती परिवारको ध्यान फोनतिर छ । अपरिचित नम्बरबाट फोन आउँदा पनि हराएका आफन्तको खबर पो आयो कि भन्ने आशा जाग्छ । तर फोन अरू कसैको हुन्छ। फेरि उस्तै निराशा। समय बित्दै जाँदा आफन्त जीवितै भेटिने आशा कमजोर बन्दै गएको छ। तर आशा पूर्ण रूपमा मरेको छैन । त्यसैले परिवारहरू अझै खोजी टोलीबाट आउने एउटा खबरको प्रतीक्षामा छन्। राधिका र झपटबहादुरको परिवारका लागि पनि अहिले त्यही प्रतीक्षा बाँकी छ- आफन्त जीवितै भेटिन्छन् कि भन्ने अन्तिम आशा, नभए कम्तीमा उनीहरूको अवस्थाबारे सत्य जानकारी । रसुवाको बाढीले भौतिक क्षतिमात्र गरेको छैन, लमजुङका यी परिवारलाई आफ्ना आफन्तको अवस्थाबारे अनिश्चित प्रतीक्षामा समेत छाडेको छ। दिनहरू बितिरहेका छन्, आशा कमजोर हुँदै गएको छ, तर परिवारका सदस्यहरू अझै आफ्ना प्रियजनको खबर आउने आशाको त्यान्द्रो समातेर बसिरहेका छन्।

# एन प्याब्सन कास्कीको पदस्थापन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं




नेसनल प्याब्सन कास्कीका निर्वाचित पदाधिकारी तथा सदस्यहरुको पदस्थापन कार्यक्रम मंगलबार सम्मन्न भएको छ।

निर्वाचन समितिले नेसनल प्याब्सन, कास्कीको आइतबार सम्पन्न नवौं जिल्ला अधिवेशन एवम् १८ औं वार्षिक साधारण सभाबाट सर्वसम्मत निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई लाई पदस्थापन गरेको हो । उक्त कार्यक्रममा नेसनल प्याब्सनका केन्द्रीय सचिव तथा निर्वाचन समितिका सदस्य राम थापा, वरिष्ठ उपाध्यक्ष याम खड्का, उपाध्यक्ष रामबहादुर मोची, कास्कीका निर्वतमान अध्यक्ष हेमन्त अधिकारीले अविर खादा र प्रशंशा पत्र प्रदान गरेका थिए।

सर्वसम्मत निर्वाचित समतिको अध्यक्षमा मनकाजी गुरुङ, वरिष्ठ उपाध्यक्षमा प्रेमराज अधिकारी, उपाध्यक्षमा राजु केसी, सचिवमा शिवराज पौडेल, कोषाध्यक्षमा राजु कायस्थ, सहसचिवमा रमेशराज पौडेल, सहकोषाध्यक्षमा अर्जुनप्रसाद अधिकारी सदस्यहरुमा अर्जुनप्रसाद पाण्डे, ज्ञानेन्द्रबहादुर थापा, तोलाकान्त न्यौपाने, दिपु भारी, रुद्रप्रसाद अधिकारी, देव क्षेत्री, माधव शरण पौडेल, सोमनाथ पौडेल पदेन सदस्य (माछापुच्छ्रे गाउँपालिका) र मनोनित सदस्य हेम रानाभाट रहेका छन्। कार्यक्रममा बोल्दै नेसनल प्याब्सनका वरिष्ठ केन्द्रीय उपाध्यक्ष याम खड्काले एन प्याब्सनको गरिमालाई उचाईमा पुऱ्याउन नयाँ समिति कटिवद्ध भएर लाग्ने विश्वास व्यक्त गरे।'तपाईहरु बौद्धिक हुनुहुन्छ, तपाईहरुलाई समाजले हेर्नेदृष्टीकोण पनि छुट्टै हुन्छ' उनले भने, 'आफ्नो बौद्धिकतालाई सहि ठाउँमा प्रयोग गरेर संस्थाको गरिमालाई उचाईमा पुऱ्याउन सिङ्गो टिम भूमिका ठूल रहने छ।'

नेसनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष रामबहादुर मोचीले निजि विद्यालयलाई स्थापित गर्न यहाँहरुको भूमिका महत्वपूर्ण रहने बताए । 'राज्यलाई निजि विद्यालयको आवश्यकता छ, निजि विद्यालय त्यहि माथि एन प्याब्सनमा आवद्ध विद्यालयमा नै बच्चा किन पढ्न पठाउने भन्ने नमूना पेश गर्न यहाँहरुको भूमिका अतुलनिय रहने छ' उनले भने,'यो अभियानमा नयाँ समितिको सिङ्गो टिम कटिवद्ध भएर लाग्ने मैले विश्वास लिएको छु।'नेसनल प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङले एन प्याव्सन कास्कीको गरिमालाई जोगाउनका लागि आफ्नो सिङ्गो टिम लागि पर्ने प्रतिवद्धता जनाए । 'संस्थाका अग्रज र साथीहरुको सहयोगले नै यो समिति निर्विरोध निर्वाचित भएको छ' उनले भने, 'अग्रजहरुको सल्लाह र साथीहरुको साथ सपोर्टबाट नै वाकी रहेका कामहरु पुरा गर्नेछौ ।' नेसनल प्याब्सन कास्कीका निर्वतमान अध्यक्ष हेमन्त अधिकारीले आफ्नो कार्यकालमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गरे । नेसनल प्याब्सनका केन्द्रीय सचिव तथा निर्वाचन समितिका सदस्य राम थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन केन्द्रीय सदस्य तथा निर्वाचन समिति सदस्य युवक लामिछानेले गरेका थिए। त्यस्तै गरी लेखा समिति संयोजकमा हरिराज अधिकारी तथा सदस्यहरुमा गगन गुरुङ रहेका छन् । एन प्याब्सन कास्कीको पहिलो बैठकले अतिरिक्त क्रियाकलाप प्रमुखमा अर्जुनप्रसाद अधिकारी तथा सदस्यहरुमा दिपु भारी र हेम रानाभाट चयन गरेको छ।

# भेडागोठमा लालबिरका सात दशक

**रासस**
म्याग्दी, २३ भदौं



शिरमा ढाका टोपी। इस्टकोटको बाहिर सेतो भाङ्ग्रा भिरेर ट्र्याक पाइन्ट लगाएका। खुट्टामा घुँडासम्म छोपिने गमबुट । भेडाबाख्राका हुलको पछिपछि दौडिरहेका ८१ वर्षीय लालबिर तिलिजाको सक्रियता युवा र किशोर अवस्थाको तुलनामा कम छैन्।

समुद्री सतहदेखि चार हजार दुई सय मिटर उचाइमा रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्थित खयरखोला क्षेत्रमा यही भदौ दोस्रो साता भेटिएका लालबिरलाई खर्कबाट चरन क्षेत्रमा हिँडेका भेडाबाख्राको बथानलाई पछ्याउन फुर्सद थिएन । "जिजुका पालादेखि सुरु भएको भेडापालन मसम्म आउँदा चार पुस्ता भएको छ," अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारका लालबिरले भन्नुभयो, "छ वर्षको उमेरदेखि बस्न थालेको भेडागोठ अझै छोडेको छैन ।" हाल एक सय ६० वटा भेडाबाख्रा पालेका लालबिर हिउँदको चिसो छल्न घुम्ती गोठ लिएर बैंसीमा र गर्मीमा पोषिलो घाँस पाइने अन्नपूर्ण र बराहशिखर हिमालको फेदीमा रहेको खयरखोला क्षेत्रको बुकीमा पुग्नुहुन्छ । बुढ्यौली बढ्न थालेपछि भतिज टेकजित तिलिजासँग लालबिरले संयुक्त गोठ बनाउनुभएको छ । खयरखोला र नौलोबन क्षेत्रमा पाउद्वारका तीन वटा भेडागोठ छन्। त्यहाँ करिब दुई हजार भेडा बाख्रा छन्। जेठमा लेक उक्लिएका गोठालाहरूलाई हप्ता दश दिनमा गाउँबाट आफन्तहरूले खाद्यान्न पुऱ्याइदिन्छन्। "घरव्यवहार चलाउने र छोराछोरी पाल्ने, पढाउने आम्दानीको स्रोतनै भेडापालन हो," लालबिरले भन्नुभयो "भेडाबाख्रा बेचेरै नौ जना छोराछोरीलाई हुर्काए र पढाए ।" सहरबजारको विलाशी जीवनभन्दा स्वच्छ हावापानीमा गोठालो बस्न लालबिरलाई रमाइलो लाग्छ । दौतरीहरू भारतीय र बेलायती गोर्खा सैनिकमा भर्ती हुन गए पनि आफू वनपाखामा रमाएको उहाँले बताउनुभयो।

विदेशमा रहेका छोराछोरीको साथमा भेडाबाख्रा बेचेर भएको कमाइबाट पोखरामा घडेरी किनेर घर पनि बनाएको लालबिरले सुनाउनुभयो । "छोराछोरीले भनेपछि एक वर्ष पोखरा गएर बस्दा कुज्जिएको जस्तो भएपछि फेरी बेचेको भेडा फर्काएर लेकबैंसी गर्न थालेको छु," उहाँले भन्नुभयो, "शरिर र स्वास्थ्यले साथ दिदाँसम्म भेडाबाख्रासँगै बिताउने मेरो योजना छ ।" उहाँसँगै कुनै समय पाँच सयभन्दा भेडाबाख्रा थिए । बार्षिक ५० वटासम्म भेडाका साँड, खसी र बोका बिक्री हुन्छ । जनै पूर्णिमा पर्वमा खयरभारानी तालमा लाग्ने मेलामा भाकल पूरा भएका भक्तजनले बली चढाउन गोठबाटै साँढे र बोका किनेर लैजान्छन्। एक वटा साडको मूल्य रु २० देखि ३५ हजारसम्म पर्छ । दसैंतिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, भूमे पूजाजस्ता चाडपर्वमा पनि मासुका लागि साँढे तथा खसीबोका बिक्री हुन्छ। सूचना प्रविधिको विकासले गर्दा पहिलेजस्तो महिनौंसम्म आफन्तसँग सम्पर्कविहीन हुनुपर्ने अवस्था छैन। मनोरञ्जनका लागि रेडियो सुन्ने, मोबाइल बजाउने गर्छन् । उज्यालोका लागि घुम्ती सोलार प्यानल गोठमा राखेका छन्। चितुवा र ब्वाँसोबाट भेडाबाख्रा बचाउनका लागि भोटे जातका कुकुर पालेका छन् । एउटा गोठमा न्यूनतम तीन वटा कुकुर पालेका छन्। लेकाली क्षेत्रमा विषालु घाँस पलाउन र हिउँदमा बैंसीका चरन क्षेत्रमा घाँसको अभाव मुख्य चुनौती रहेको लालबिरले बताउनुभयो । तापक्रम वृद्धिका कारण बिषालु घाँस उम्रिन थालेको र बैंसीमा चरनको अभाव हुन थालेको लालबिरको अनुभव छ। वन्यजन्तुको आक्रमण र गोठाला बस्ने जनशक्ति पाइन छाड्नु पनि भेडापालनलगायत घुम्तीगोठमा गरिने पशुपालनका लागि चुनौती बनेको छ।

# नारेश्वर ताल: पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा

**पोखरापत्र संवाददाता**
दमौली, २३ भदौं

नारेश्वर ताल पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरस्थित सो तालमा कायाकिङको व्यवस्था गरिएसँगै यहाँ घुम्न आउने पर्यटकको सङ्ख्या बढेको हो।

विशेषगरी बिदाका दिन तथा पछिल्ला केही दिनयता नारेश्वर तालमा दैनिक दुईदेखि ३०० सम्म आन्तरिक पर्यटक पुग्ने गरेका छन्। शान्त र मनोरम वातावरणमा अवस्थित तालमा पर्यटकहरू 'कायाकिङ' गर्दै रमाउने गरेका छन्। तालको प्राकृतिक सौन्दर्यसँगै पछिल्लो समय थपिएको कायाकिङ गतिविधिले युवा तथा पारिवारिक पर्यटकलाई आकर्षित गरेको स्थानीय विजय दरैले बताउनुभयो। "परीक्षणकै क्रममा रहेको तालमा पर्यटकको सङ्ख्या ह्वात्तै बढ्यो। सामाजिक सञ्जालका कारण चर्चा पाएको छ," उहाँले भन्नुभयो,, "केही दिनयता दैनिक दुईदेखि ३०० सम्म आन्तरिक पर्यटक आउने गरेका छन्।" पर्यटकको चहलपहल बढेसँगै स्थानीय व्यवसाय तथा रोजगारीका अवसर पनि विस्तार हुने अपेक्षा छ । आसपासका स्थानीयले पर्यटकलाई थप सुविधा उपलब्ध गराउन यस क्षेत्रलाई महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताएका छन्। छोटो दूरीको घुमफिरका लागि उपयुक्त गन्तव्य बन्दै गएको छ यो ताल।

करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको नारेश्वर ताल कङ्क्रिट ग्राभिटी ड्याम प्रविधिबाट निर्माण गरिएको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । तालको बाँध करिब आठ मिटर अग्लो छ भने औसत गहिराइ २.५ देखि तीन मिटरसम्म रहेको छ । लम्सालका अनुसार तालमा करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सकिनेछ।

उहाँका अनुसार नारेश्वरताललाई केवल पानी सञ्चय गर्ने संरचनाका रूपमा नभई कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोडिएको बहुउद्देश्यीय आयोजनाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । ताल निर्माणको उद्देश्य स्थानीय कृषि क्षेत्रलाई आवश्यक पानी उपलब्ध गराउनु हो । तालमा जम्मा भएको पानी तानेर नजिकैका कृषि क्षेत्रमा वितरण गर्ने व्यवस्था मिलाइने व्यास नगरपालिका-१० का वडाध्यक्ष खेमराज पोखेलले बताउनुभयो । दुम्सीचौर आसपासका किसानलाई सिँचाइ सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ। वर्षाको पानीमा निर्भर भएर खेती गर्नुपर्ने अवस्थालाई कम गर्दै नियमित सिँचाइ सुविधा उपलब्ध गराउन सके कृषि उत्पादन बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ । नारेश्वर ताललाई आगामी दिनमा व्यास नगरपालिकाको आन्तरिक पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने योजना रहेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो। ताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सके आसपासका क्षेत्रमा होटल, रेष्टुरेन्ट, स्थानीय उत्पादनको बिक्री तथा अन्य सेवामूलक व्यवसाय विस्तार हुने अपेक्षा गरिएको छ। "नारेश्वर ताललाई घुम्न आउने ठाउँ मात्र होइन, स्थानीयको आयआर्जनसँग जोडिने गन्तव्यका रूपमा विकास गर्नुपर्छ । ताल वरपर आवश्यक पूर्वाधार विकाससँगै स्थानीय उत्पादन र व्यवसायलाई पनि जोड्ने योजना बनाउनुपर्छ," उहाँले भन्नुभयो । व्यास नगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त साझेदारीमा निर्माण भएको उक्त तालको अनुमानित लागत करिब रु चार करोड छ।

उक्त जलाशयलाई नगरपालिकाले केवल कृत्रिम तालका रूपमा नभई कृषि, पर्यटन, वातावरणीय संरक्षण र रोजगारी सिर्जनालाई जोड्ने आधारका रूपमा लिएको नगरप्रमुख न्यौपानेले बताउनुभयो।

# पूर्वाधार मर्मत तथा विस्तारमा प्रभावकारी बन्दै दमौली सडक डिभिजन

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ भदौं

सडक डिभिजन कार्यालय दमौलीले आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका क्षेत्रमा विभिन्न काम सम्पन्न गरेको छ। कार्यालयले उक्त आर्थिक वर्षमा नयाँ सडकको ट्र्याक खोल्नेदेखि सडक ग्राभेल, कालोपत्र, ढलान तथा नियमित मर्मतसम्भारलगायत काम गरेको हो।

कार्यालय प्रमुख राजिव श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८२/८३ मा कार्यालयअन्तर्गत सञ्चालन भएका विभिन्न कार्यक्रममार्फत ३.२ किलोमिटर सडकको ट्र्याक खोल्नेकार्य सम्पन्न भएको छ। उक्त कार्यबाट तनहुँका बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका विभिन्न क्षेत्रमा आन्तरिक आवागमनमा सुधार आएको उहाँले बताउनुभयो।

त्यस्तै, ७.३० किलोमिटर सडक ग्राभेल गरिएको छ। व्यास नगरपालिका र घिरिङ गाउँपालिकाका विभिन्न क्षेत्रमा ग्राभेल सडक निर्माण गरिएको हो।

यसबाट स्थानीयस्तरमा सडकको पहुँच विस्तार हुनुका साथै वर्षायाममा आवागमन सहज बनाउन सहयोग पुगेको श्रेष्ठको भनाइ छ। सो अवधिमा २.६० किलोमिटर सडक कालोपत्र र ३.१६ किलोमिटर सडक ढलान गर्ने कार्यसमेत सम्पन्न भएको छ । व्यास नगरपालिका, आँबुखैरेनी गाउँपालिका र घिरिङ गाउँपालिकाअन्तर्गतका सडकमा कालोपत्र तथा ढलानको काम गरिएको उहाँले जानकारी दिनुभयो।

कार्र्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका राष्ट्रिय तथा सहायक राजमार्गलाई नियमित सञ्चालनमा राख्न नियमित तथा पटके मर्मतलाई पनि प्राथमिकता दिएको छ । श्रेष्ठका अनुसार ११६.५० किलोमिटर सडकमध्ये ८०.५० किलोमिटर राष्ट्रिय राजमार्ग र ३६ किलोमिटर सहायक राजमार्गको नियमित तथा पटके मर्मत गरेको छ। सडकमा देखिएका खाल्डाखुल्डी पुर्ने, बिग्रिएका संरचना मर्मत गर्ने तथा सडकलाई सञ्चालनयोग्य अवस्थामा राख्ने काम गरिएको श्रेष्ठले बताउनुभयो। सडक मर्मतका कारण राजमार्ग तथा सहायक राजमार्गमा यातायात सञ्चालनलाई निरन्तरता दिन सहयोग पुगेको उहाँको भनाइ छ। विशेषगरी वर्षायाममा सडकमा आउने समस्या तत्काल सम्बोधन गरी यातायात सञ्चालनमा सहजीकरण गरिएको उहाँले बताउनुभयो।

कार्यालयले लामो समयदेखि कार्यान्वयनमा समस्या देखिएका रुग्ण ठेक्का व्यवस्थापनमा प्रगति हासिल गरेको छ। आर्थिक वर्ष २०८२/८३ सम्म आइपुग्दा पाँच वटा रुग्ण ठेक्का तोडिएको उहाँले उल्लेख गर्नुभयो। निर्धारित समयमा काम अघि बढाउन नसकेका तथा विभिन्न कारणले रुग्ण बनेका ठेक्काको व्यवस्थापनलाई प्राथमिकतामा राखेर ठेक्का तोड्ने प्रक्रिया अघि बढाइएको हो । रुग्ण ठेक्का व्यवस्थापनले लामो समयदेखि अलपत्र रहेका सडक आयोजनालाई व्यवस्थित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सडक निर्माण तथा मर्मतका विभिन्न कार्यक्रममार्फत कार्यालयले २७७ जना निर्माणकर्मीलाई आंशिक रोजगारी प्रदान गरेको छ। उहाँका अनुसार निर्वाचन क्षेत्र रणनीतिक कार्यक्रमअन्तर्गत ८० जना, वैकल्पिक सहायक राजमार्ग कार्यक्रमअन्तर्गत ७५ जना, राजमार्ग स्तरोन्नति तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत ६५ जना, सडक बोर्ड मर्मतअन्तर्गत ३२ जना र सडक बोर्ड मर्मत तथा स्तरोन्नति कार्यक्रमअन्तर्गत ३५ जना निर्माणकर्मीले रोजगारी पाएका छन्। कार्यालयले सडक पूर्वाधारको विस्तारसँगै विद्यमान सडकलाई सुरक्षित र सञ्चालनयोग्य राख्न मर्मतसम्भारलाई पनि प्राथमिकता दिएको जनाएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २६ निवासी भारतीय भु.पु.सै.नं. ४३५७४११ HAV का पोष्टराज बरालको माग निवेदन अनुसार निजको श्रीमती नारायणी देवी बरालको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर नारायणी देवी बराल र जन्ममिति वि.सं.२०२०।१०।०५ उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको निजको श्रीमतीको नामथर नारायणी क्षेत्री र जन्ममिति वि.सं.२०२३।०८।०७ (ई.सं.१९६६।११।२२) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २६ नं. वडा कार्यालयको च.नं. ६५१ मिति २०८३।०५।१८ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन् अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**